कानुनी साक्षरता शृंखला-5

# सूचनाको अधिकार ऐन 2005




साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकाश मन्त्रालय
भारत सरकार

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

ASSAM STATE LEGAL SERVICES AUTHORITY
1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 2516367, FAX : 0361 - 2601843
অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১

No. ASLSA-38/2014/60 Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia 29/4/2016
(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

# सूचनाको अधिकार ऐन २००५

कानुनी साक्षरता शृंखला-५

साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकास मन्त्रालय
भारत सरकार

सत्यमेव जयते

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**Suchanako Adhikar Ayn 2005 :** This book is based on legal awareness for the neoliterates on Right to Information Act 2005. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

| | | |
|---|---|---|
| पुस्तक तयार पार्ने कार्यशालामा सहयागीहरू | : | सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान |
| भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फबाट कार्यशालामा उपस्थित अधिकारीहरू | : | राजेश देउली, योजना अधिकारी, अङ्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक |
| प्रथम प्रकाशन | : | मार्च 2016 (1000) |
| प्रकाशक | : | राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी-781001 |
| सम्पादन | : | अनुराधा बरूवा, प्रसन्न कुमार कलिता |
| मुद्रक | : | शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी-21 |

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा वाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्धारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

# हाम्रा दुई कुरा

स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा .... काशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा ... री कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा .... छ। अनुदित पुस्तिकाहरू असम राज्य कानु ....णद्वारा अनुमोदित भएका छन्। यसै अवस ....... लामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म
निदेशक
राज्य स्रोत केन्द्र

# सूचनाको अधिकार ऐन २००५

सुलभ मूल्यको पसलबाट प्रति महिना पाइने सामानहरु लिएर आउन मनिकालाई दिक्क  लाग्न साथै रिस उठन थाल्यो। सधैं एउटै जवाफ चिनी, मट्टितेल केही पनि आएको छैन। चौथो दिन पनि एउटै जवाफ, "समान, नआए मैले कहाँबाट दिनु?" जवाब सुनेर मनिकालाई शंका भयो। यतिका दिनसम्म नआउने त सवालै छैन। उस्ले पसलेलाई भनी – "ठिक छ मलाई सामान ल्याउने दिने हिसाबको खाता देखाउनु होस्।" यत्तिकैमा गाउँका अरू दुई–चारवटी महिला पनि त्यहाँ उपस्थित (जमा) भए। उनीहरु पनि खाता देखाउने माग गरे। पसलेलाई रिस उठ्यो र भन्यो – "मनिका तिमी के डी.सी हौ र तिमीलाई खाता देखाउँ? जौ जौ थपक्क घर जौ।" पसलेको कुरा सुनी मनिका लगायत त्याहाँ भएका सबै महिला विस्तारै घर तिर फर्किए।

बाटामा उनिहरूले सरलालाई भेटे। सरला सरकारी दफ्तरमा काम गर्ने गर्छिन्। उनलाई सबैले दिदी भनी बोलाउने गर्छन्। महिलाहरुले पसलेको कुरा सरलालाई बृत्तान्त थन। कुरा




सुनेर सरलालाई रिस उठ्यो र भनी “यो त पसलेले अन्याय गरेको हो। गरीबहरुलाई सरकारले रेसन कार्ड दिएको छ। तसर्थ रेसन कार्डका सामान पाउनै पर्छ। ठिक छ। हिजो आज सबैको कुनै पनि सरकारी जानकारी पाउने अधिकार छ। तिमीहरूले रेसनको तथ्य जान्ने सूचनाको अधिकार विभाग अधिकारीलाई आवेदन गर।”

सरलाले एउटा आवेदन तयार परिन। आवेदनमा सबैले हस्ताक्षर गरे। आवेदनसंग 10 रुपियाँ जम्मा गर्ने नियम भए ता पनि गरीब आवेदनकारीलाई यो शुल्कबाट छुट छ।

उनीहरुले आवेदनपत्र स्थानीय खण्ड उन्नयन कार्यालयमा जमा गरे। आवेदन जमा गरेको 20 दिनपछि यसको जवाफ आयो। जवाफमा सरकारले लेखेको थियो कि रेसनका सामान नियमित रूपमा उपलब्ध गराई रहिएको छ। त्यस पसलमा पनि सामानहरु उपलब्ध गराइ रहिएको छ तर उसले ती सामान ग्राहकहरुलाई नदिएर खुल्ला बजारमा धेरै मुनाफाको



निम्ति बेचिरहेको छ। तसर्थ सरकारले यस पसलको अनुमति खारेज गरी नयाँ पसलको नाम ठेगाना लेखिपठाएको छ, जसबाट जनताले सामानहरू लिन सक्ने छन्।

जवाफ पाएर सबै आनन्दित भए। उनिहरूबीच एउटीले भनी आवेदनको जवाफ आउँछ भनेर मैले त सपनामा पनि सोचेकी थिइनँ।

तिनको कुरा सुनेर सरलाले भनी जवाफ दिनै पर्छ। महिना दिन जबाफ नदिए जबाफ दिने जिम्मामा रहेका अधिकारिले प्रतिदिन 250 रुपियाँ जरिमाना तिर्न पर्छ। यो जरिमना 25000 हजारसम्म हुन सक्छ।



सरलाका कुरा सुनेर मनिकाले भनी यसोभए अबदेखि ठगेर खानेहरुको दिन गयो। देशका जनताले सरकारलाई विभिन्न कर दिन पर्छ। जनताले दिएको करको पैसा सरकारले विकासको काममा खटाउँछ। जस्तै सड़क निर्माण, साँगु निर्माण, विजुली उत्पादन ईत्यादि। यी कामहरू गर्दा दुई–एक अधिकारी कर्मचारीले घोटाला गरी रुपियाँ आफ्नो गोजीमा भराउँछ्न, जसले गर्दा काम जति हुनु पर्ने थियो उति हुँदैन। त्यसैले यस्ता घोटालाहरुमा रोक लगाउनाका लागि सरकारले सूचना जान्ने अधिकार ऐन जारी गरेको छ। यस ऐनको सहायताले जनताले सरकारी कामको हिसाब–वा जानकारी लिन सक्छन्। व्यवहारमा ल्याइएका सामान कति राम्रा वा नराम्रो त्यो पनि हेर्न सक्छन। यसको निम्ति आवेदन गर्न पर्छ।

आवेदन गरेको महिनादिन भित्र यसको जवाफ नआए सूचनाको अधिकार कार्यालयका अधिकारीलाई लेख्न सकिन्छ। उनले कार्यालयले जानकारी नदिएमा जरिमना भर्न लगायत  सबै जानकारी जनाउने छन्।

# सूचनाको अधिकार ऐन

भारतमा 15 जून, 2005 सनदेखि सूचनाको अधिकार ऐनको सुरुवात गरिएको हो। यस ऐनद्वारा कुनैपनि नागरिकले सरकारी विभिन्न विभागहरुको काम वा विभागीय तथ्यहरु प्राप्त गर्ने सुविधा प्रदान गरिएको छ। साथै यस ऐनद्वारा सरकारी विभागहरुलाई उसको काम कर्म सन्दर्भमा जावावदेही पार्न लगायत विभागमा स्वच्छता ल्याउन खोजिएको हो।

सूचनाको अधिकार ऐन जम्मु कश्मीर राज्यलाई छाडी सम्पूर्ण भारतभरि नै लागु गरिएको छ।

सूचनाको अधिकार ऐनको अधिनमा रहेको तथ्य सजिलै जान्न पाउने अधिकार हो। यस ऐन अनुसार भारतका हर–एक नागरिकको सूचनाको अधिकार छ।

## जानकारी कसरी प्राप्त गर्न सकिन्छ त ?

1) सूचनाको अधिकार ऐनको अधिनमा कुनैपनि जानकारी प्राप्त गर्नका लागि एकजाना व्यक्तिले यसको निम्ति तोकिएको शुल्क जमा गरि अंग्रेजी, हिन्दी वा स्थानीय सरकारी भाषामा लिखित रूपमा अथवा ईलेक्ट्रोनिक

माध्यमद्वारा तल उल्लेख गरिएका व्यक्तिहरु सामु आवेदन गर्न सक्छन्।

क) स्थान अनुसार निर्दिष्ट लोक कर्तृपक्षको केन्द्रीय सूचना अधिकारी वा राज्य लोक सूचना अधिकारी।

ख) स्थान अनुसार केन्द्रीय सहयोगी लोक सूचना अधिकारी वा राज्य सहयोगी लोक सूचना अधिकारी।

ग) सूचना खोज्ने व्यक्तिले आफूलाई चाहिने सूचनाको बिवरण दिन आवश्यक छ।

यस प्रकारको अनुरोध लिखित रुपमा पेश गर्न नसकेपनि मौखिक अनुरोध गर्न सकिन्छ मुखले अनुरोध गरिएको अनुरोध लिखित रूपमा प्राप्तिका निम्ति केन्द्रीय लोक सूचना अनुरोधकर्तालाई सबै प्रकारको सुविधा उपलब्ध गराउँछ।

2) आवेदनकारीले सूचनाको निम्ति अनुरोध गर्दा त्यसको निम्ति कुनै प्रकारको कारण उल्लेख गर्नु पर्दैन साथै

व्यक्तिले आफु सम्पूर्ण जानकारी नदिएपनि हुन्छि, केवल आफ्नो ठेगाना दिनु आवश्यक हुन्छ।

3) एकजना लोक अधिकारी समक्ष तथ्य प्राप्तिको आवेदन चढाउँदा यदि

क) त्यो तथ्य दिने अधिकार अरु नै विभागका लोक कतृपक्षको हातमा रहेमा अथवा

ख) विषय बस्तु यदि आफै लोक कतृपक्षका कामसंग संलग्न छ भने।

त्यतिखेर जो जन कतृपक्ष समय पहिले आवेदन चढाइएको थियो ती कतृपक्षले त्यो सम्पूर्ण आवेदन अथवा आवेदनको कुनै एउटा अथवा उपयुक्त ठानी अरु नै विभागका कतृपक्षलाई पठाएमा यस विषयमा आवेदनकारिलाई कतृपक्षले जानकारि गराउने छ।

आवेदनकारीले आवेदन गरेको कुनै विषय निर्दिष्ट विभागसंग सम्बंधित नभएर अर्कै विभागसित संलग्न भएमा त्यो विभागले त्यो आवेदन विषयवस्तु सम्वन्धित विभागको हातमा पाँचदिन भित्रैमा हस्तान्तर गर्न आवश्यक छ।

## आवेदन निष्पत्ती ( समाधान )

1) केन्द्रीय लोक सूचना अधिकारी वा राज्य लोक सूचना अधिकारीले आवेदन पत्र 30 दिन भित्रै आवेदनकारीलाई जानकारी उपलब्ध्ध गराउनु पर्छ।

2) यदि अनुरोध एकजना व्यक्तिको जीवनका सन्दर्भमा तथ्य खोजी गरिएको छ भने त्यस प्रकारका अनुरोध प्राप्तिको 48 घंटा भित्रै तथ्य उपलब्ध्ध गराउन आवश्यक छ।

3) यदि केन्द्रीय लोक सूचना अधिकारी वा राज्य लोक सूचना अधिकारीको अधीनमा तोकिएको समय सिमाभित्र सूचना खोजी गरिएको अनुरोध सन्दर्भमा आफ्नो निर्णय सुनाउन असमर्थ भएमा, केन्द्रीय लोक सूचना अधिकारी वा राज्य लोक सूचना अधिकारी जसको हातमा त्यो अनुरोध रहन्छ उसले अनुरोध अस्वीकार गरेछन भनी मानिलिनु पर्छ।

4) जानकारी उपलब्ध्ध गराउन जाँदा चाहिने अतिरिक्त खर्च प्राप्त गरेपछि केन्द्रीय लोक सूचना अधिकारी वा राज्य लोक सूचना अधिकारीले जानकारी पठाउने निर्णय

लिएमा अधिकारीले तल उल्लेख गरिएका कुराहरु जनाँउदै आवेदनकारीलाई सूचना पठाउनु पर्छ।

1) तथ्य पठाउन लाग्ने खर्चको सम्पूर्ण विवरण

2) तोकिएको शुल्क प्राप्ति तथा अपील, कतृपक्षको जानकारी लगायत समयसीमा आदि विभिन्न क्षेत्रमा अधिकारीको निर्णय विचार गर्ने अधिकार छ त्यसको जानकारी।

3) यदि खोजिएको तथ्य हरुको खोजि गर्न कुनै व्यक्तिलाई अनुमति दिएमा ती व्यक्तिलाई केन्द्रीय वा राज्य लोक सूचना अधिकारीले सबै प्रकारको सहयोग पुर्‍याउने छ।

4) यदि जानकारी छपाएर वा ईलेक्ट्रनिक माध्यममा दिनु परेमा आवेदनकारीले लाग्ने सम्पूर्ण खर्च बेहोर्नु पर्नेछ।

उलेख्य छ कि खर्चको निम्ति तोकिएको शुल्क पूर्ण हुन आवश्यक छ। साथै आवेदनकारी गरिबी सीमा मुनीको भएमा

उसलाई त्यो शुल्कबाट छुट दिइन्छ। त्यसरी नै लोक कतृपक्षले तोकिएको समय सीमाभित्र तथ्य दिन नसके, आवेदनकारीलाई निःशुल्क तथ्य उपलब्ध गराउन वाध्य हुनेछ।

अनुरोध अस्वीकार गरेको खण्डमा, सो अनुरोध किन ग्रहण गरिएन त्यसको कारण केन्द्र वा राज्य लोक सूचना अधिकारीले आवेदनकर्तालाई सम्पर्क गरी तल उल्लेख गरिएका सूचि अनूसार जानकारी गराउन वाध्य हुनेछ।

(क) अस्वीकार गरेका कारणहरु

(ख) अस्वीकार विरूद्ध अपिल गर्ने समयसीमा

(ग) अपील कतृपक्ष जानकारी

स्मरण रहोस् आवेदन राष्ट्रिय सुरक्षालाई क्षति पुर्‍याउने खालका भए वा तथ्यहरू खोजिए मुताबिक नपाएमा मात्र तथ्य नपाइएला अन्यथा खोजिएको मुताबिक तथ्यहरु उपलब्ध गराइन्छ।

**कुन कुन जानकारी लोक कतृपक्ष दिन वाध्य छैन।**

क) जुन तथ्यले भारतको सार्वभौमिकता, राष्ट्रिय सुरक्षा, परराष्ट्र संगको सम्बंध, आर्थिक स्वार्थ आदिमा हानी पुर्‍याउन सक्छ।

ख) कुनै अदालत वा ट्रिब्युनल ले (आदेशद्वारा) प्रचारको निम्ति रोक लगाएको तथ्य अथवा त्यो तथ्य जसको प्रचारले पछि अदालतको कुरा सुन्न पर्ने, हुन सक्छ।

ग) संसद वा राज्य विधानमण्डलको विशेषाधिकार भंग गर्न सक्ने तथ्यहरु।

घ) यदि बृहत्तर समाजको स्वार्थमा निर्दिष्ट कतृपक्षले तथ्य सार्वजनिक गर्न नचाहेको खण्डमा तेस्रो पक्षले माग गरे ता पनि क्षति पूर्‍याउन सक्ने वाणिज्य तथ्यहरु, व्यवसाय तथ्यहरु र बौद्धिक सम्पत्तिको तथ्य प्रकाश नगर्ने अधिकार कतृपक्षमा रहन्छ।

ङ) पर-राष्ट्रबाट प्राप्त भएका गोपनीय तथ्यहरु।

च) कुनै व्यक्तिको जीवन वा शारीरिक सुरक्षामाथि संकट सृष्टि गर्न सक्ने तथ्यहरू।

छ) जांचमा रोक लगाउन सक्ने वा अपराधीको जांचसंग सम्बंधित तथ्यहरू।

ज) मंत्रीवर्गको बीच भएको चर्चाको जानकारी लगायत मंत्रीसभा, सचिवगण र अरु अधिकारी वर्गको कागजातको तथ्य। उल्लेख्य छ कि कुनै एउटा विषयमाथि मंत्री सभाले निर्णय लिएपछि मात्र त्यो तथ्य सार्वजनिक गर्न सकिने छ।

झ) कुनै व्यक्तिको गोपनीयतामा चोट पुर्‍याउन सक्ने तथ्यहरु इत्यादि।

कुनै एउटा तथ्यको प्रकाशले सुरक्षाको स्वार्थमा क्षति पुर्‍याए ता पनि यदि त्यस तथ्य प्रकाश पक्षको भार (वजन) बढि भएमा त्यस प्रकारका तथ्य हेर विचार गर्नका लागि कतृपक्षले अनुमति दिन सक्छ।

कुनै व्यक्तिले 20 वर्षअघि सम्मको कुनै एउटा घटना विषयबारे तथ्य जान्न चाहे निर्दिष्ट कतृपक्ष आवेदनकर्तालाइ त्यो तथ्य दिन बाध्य छ।

केन्द्रीय लोक सूचना अधिकारी वा राज्य लोक सूचना

अधिकारीले प्रकाश गर्नमा रोक लगाइएको विषय सन्दर्भमा आवेदनकर्तालाई तथ्य नदिन पनि सक्छ तर रोक लगाइएका बिषयहरु बीच रोक मुक्त कतिपय विषयहरु सन्दर्भमा तथ्य प्रकाश गर्न सक्छ। यसो गर्न जाँदा केन्द्र वा राज्य लोक सूचना अधिकारिले आवेदनकर्तालाई जानकारी गराउन आवश्यक छ कि

क) तथ्य प्रकाशमाथि रोक लगाइएका अंशवाट रोक मुक्त अंशं छुटयाई आवेदनकर्ताले खोजे बमोजिम तथ्यको रूपमा पठाइएको छ।

## तेस्रो पक्षको तथ्य

1) तेस्रो पक्षसंग संम्बधित वा तेस्रो पक्षले उपलब्ध गराएको र गोपनीय भनि ठानिएका तथ्य वा रेकर्डको कुनै अंश यदि यस ऐनको अधिनमा आवेदन चढाउने व्यक्तिलाई दिन भनि केन्द्र वा राज्य सूचना अधिकारीले ईच्छा गरेमा ती निर्दिष्ट कतृपक्षले यस प्रकारको आवेदन प्राप्त गरेपछि पाँच दिनभित्रै तेश्रो पक्षलाई लिखित सूचनाद्वारा जानकारी गराउन पर्छ। आवेदनकर्तालाई तेश्रो पक्षका

तथ्य वा रेकर्ड किन दिन पर्‍यो, त्यो तथ्य दिन सकिन्छ कि सकिंदैन त्यस सन्दर्भमा लिखित वा मौखिक रूपमा निर्दिष्ट कतृपक्षले तेश्रो पक्षलाई जानकारी गराउन जरुरी छ। यसको साथै निर्णय लिनुअघि तेश्रो पक्षको सुझाउ लिनपनि आवश्यक छ।

2) कुनै तथ्य वा रेकर्ड वा तथ्यको कुनै अंश प्रकाश गर्ने सन्दर्भमा केन्द्रीय लोक सूचना अधिकारी वा राज्य लोक सूचना अधिकारीले तेश्रो पक्षलई सूचनाद्वारा जानकारी गराउनु पर्छ। यस अनुसार सूचना प्राप्तिको 10 दिन भित्र तथ्य प्रकाशामाथि केही आपत्ति रहेमा तेश्रो पक्षले त्यसबारे भन्ने मौका पाउने छन्।

# प्रकाशित पुस्तिकाहरू

१) आँखा खुल्यो

२) कुरा मिल्यो

३) मायाको पाठशाला

४) मर्यदाको प्रश्न

५) सुचनाको अधिकार ऐन 2005

६) आशाको करिण

७) अब कोही णोको नरहोस

८) अत्याचारको अन्त

९) रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat


**STATE RESOURCE CENTRE ASSAM**

**1-CD, Mandovi Apartments, GNB Road**

**Ambari, Guwahati-781001**

**E-mail-srcassam@hotmail.com**

**A2J (NE&JK)**

**Copies .......**